आज मिति २०८३।०५।२४ गते बुधबारका दिन विहानको ९:०० बजे लिखु गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री ध्रुव श्रेष्ठज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको आ.व. २०८३/०८४ को दोस्रो बैठक बसी विभिन्न प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | ध्रुव श्रेष्ठ | कार्यपालिका अध्यक्ष | |
| २ | सुभद्रा अधिकारी उप्रेती | कार्यपालिका उपाध्यक्ष | |
| ३ | नरहरि पाण्डे | वडा अध्यक्ष | |
| ४ | प्रेम बहादुर थापामगर | वडा अध्यक्ष | |
| ५ | सीताराम पुलामी मगर | वडा अध्यक्ष | |
| ६ | प्रकाश राई | वडा अध्यक्ष | |
| ७ | विश्व प्रसाद खतिवडा | वडा अध्यक्ष | |
| ८ | सुमन भण्डारी | वडा अध्यक्ष | |
| ९ | चम्फा राजभण्डारी | कार्यपालिका सदस्य | |
| १० | निकिसा राई | कार्यपालिका सदस्य | |
| ११ | मिना राई | कार्यपालिका सदस्य | |
| १२ | ज्ञानी रोक्का | कार्यपालिका सदस्य | |
| १३ | दिल कुमारी घले | कार्यपालिका सदस्य | |
| १४ | शुशील मिजार | कार्यपालिका सदस्य | |
| १५ | अशोक विष्ट | प्रमुख प्रशासकीय अधिकृत | |

**मिति २०८३ साल भदौ २४ गते बुधबार बसेको लिखु गाउँ कार्यपालिकाको आ.व. २०८३/०८४ को दोस्रो बैठकको निर्णयहरु**

| निर्णय नं. | निर्णयको व्यहोरा |
|---|---|
| १ | लिखु गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८३।०४।२० गते बसेको आ.व. २०८३/०८४ को प्रथम बैठकको निर्णय कायान्वयन भएको पाइयो । |
| २ | क) लिखु गाउँपालिकाबाट आ.व. २०८३/८४ मा स्वीकृत आयोजना तथा कार्यक्रमहरु सन्चालनको लागि देहायको कार्ययोजना स्वीकृत गर्ने । |

**कार्यान्वयन कार्ययोजना, २०८३/०८४**

| क्र.सं. | क्रियाकलाप | कार्य अवधि | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| **क. ठेक्का मार्फत सन्चालन हुने आयोजनाहरु** | | | | |
| १ | सर्भे, डिजाइन, लागत अनुमान तथा विड डकुमेन्ट तयारी | २०८३ आश्विन १५ सम्म | प्रमुख प्रशासकीय अधिकृत/पूर्वाधार विकास शाखा | |
| २ | बोलपत्र आव्हान गर्ने | २०८३ आश्विन मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत/ पूर्वाधार शाखा | |
| ३ | आवश्यक प्रकृया पुरा गरी खरिद संभौता सम्पन्न गर्ने | २०८३ पौष मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत/बोलपत्र मूल्यांकन समिति/पूर्वाधार शाखा/योजना शाखा | |
| **ख. उपभोक्ता समिति मार्फत सन्चालन हुने आयोजनाहरु** | | | | |
| १ | आयोजनाहरुको उपभोक्ता समिति गठन | २०८३ मंशिर मसान्त सम्म | वडा अध्यक्ष/वडा सदस्य/वडा सचिव | |
| २ | योजनाहरुको लागत अनुमान तयारी | २०८३ पौष १५ सम्म | पूर्वाधार विकास शाखा | |
| ३ | योजना संभौता | २०८३ पौष मसान्त सम्म | प्र.प्र.अ./योजना शाखा, वडा सचिव | |
| ४ | योजनाको अनुगमन तथा सुपरीवेक्षण | २०८४ बैशाख मसान्त सम्म | वडा स्तरीय अनुगमन समिति र गा.पा. स्तरीय सुपरिवेक्षण तथा अनुगमन समिति/गा.पा. अध्यक्षबाट आवश्यक्ता अनुसार/इन्जिनियर | |
| ५ | योजनाको फरफारक गरी अन्तिम भुक्तानी दिने | २०८४ जेठ १५ सम्म | प्र.प्र.अ/पूर्वाधार शाखा/योजना शाखा/आर्थिक प्रशासन शाखा | |

ख) उक्त कार्यान्वयन कार्ययोजना अनुरुप कार्य सम्पादनमा प्रभावकारीता ल्याउन देहाय बमोजिम गर्ने ।

१. उपभोक्ता समिति मार्फत सन्चालन हुने योजनाहरुलाई थप व्यवस्थित र प्रभावकारी बनाउनको लागि आ.व. २०७७/०७८ देखि लागु भएको योजना किताबको प्रयोगलाई निरन्तरता दिने ।
२. उपभोक्ता समिति मार्फत सन्चालन हुने योजनाहरुमा उपभोक्ता समितिले लागत सहभागिता स्वरुप कामको प्रकृति हेरी १० प्रतिशत देखि १५ प्रतिशत सम्म अनिवार्य जनसहभागिता व्यहोर्नुपर्ने ।
३. सडक योजनाहरुको नयां ट्रयाक खोल्ने कार्यलाई निरुत्साहन गर्ने ।
४. पुराना सडकको हकमा लागत अनुमानको कम्तीमा ७० प्रतिशत स्ट्रक्चर निर्माणको कार्य गर्नुपर्ने ।
५. स्वीकृत लागत अनुमान तथा प्राविधिकले दिएको निर्देशन भन्दा बाहिर गई आफुखुशी गरेको कामको इष्टिमेट रिभाइज्ड नगर्ने र भुक्तानी दिन बाध्य नहुने । सो कार्यको जिम्मेवारी उपभोक्ता समिति स्वयंले लिनुपर्ने ।
६. संम्झौता हुनुभन्दा पहिले गरेको कामको जिम्मेवारी उपभोक्ता समिति स्वयंले लिनुपर्ने ।
७. गाउँपालिकाबाट विनियोजित बजेटमा समेटिएका योजनाहरु एवं प्रदेश तथा केन्द्रबाट प्राप्त योजनाहरु कार्यान्वयनको क्रममा विवाद तथा विलम्बको कारण उपभोक्ता समितिबाट कार्य हुन नसकेमा सम्वन्धित वडाको सिफारिसमा योजनाहरु ठेक्का प्रकृयाबाट कार्यान्वयन गर्ने ।
८. संम्झौता रकम भन्दा बढी खर्च भएको भनि मागदावी गर्ने उपभोक्ता समितिको रकम भुक्तानी नगर्ने ।
९. रु १० लाख वा सो भन्दा बढी बजेट विनियोजन भएका योजनाहरुलाई मात्र कम्तिमा ३० प्रतिशत प्रगति हासिल भएपछि १ पटकको लागि रनिङ विल उपलब्ध गराउने ।
१०. रु ३ लाख वा सो भन्दा बढी रकम विनियोजन भएका योजनाहरुको हकमा योजनाको सम्पूर्ण विवरण खुलेको सूचना पाटी (Hoarding Board) योजना कार्यान्वयन पूर्वनै अनिवार्यरुपमा योजना स्थलमा राख्नुपर्ने ।
११. योजनाको अन्तिम भुक्तानी लिंदा सार्वजनिक परिक्षण (Public Audit) गरेको सक्कलै प्रति पेश गर्नुपर्नेछ । योजनामा भएको खर्च लाई पारदर्शी र वस्तुनिष्ठ बनाउन वडा सचिव र वडा अध्यक्षको रोहबरमा सबै सरोकारवालाहरु बोलाई सार्वजनिक परिक्षण गर्ने अनिवार्य व्यवस्था गर्ने ।
१२. संघ/प्रदेशबाट प्राप्त हुने सशर्त, समपुरक र विशेष योजना एवं प्रदेश/स्थानीय पूर्वाधार विकास कार्यक्रममा तत् सम्वन्धी नियमावली/कार्यविधिले तोके बमोजिम र गाउँपालिकाको निशर्त बजेटबाट स्वीकृत योजनाको हकमा ४ प्र.श. कन्टेन्जेन्सी कटाउने ।
१३. आयोजनाहरुको प्राविधिक लागत अनुमान तयार गर्ने, सुपरिवेक्षण गर्ने, मूल्यांकन तथा कार्य स्वीकार प्रतिवेदन तयार गर्ने काम समयमै सम्पन्न गर्न गराउन पुर्वाधार विकास शाखाले व्यवस्थापन मिलाउने ।
***१४. लिखु गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७४*** बमोजिमको प्रकृया पुरा गरी उपभोक्ता समिति गठन गर्ने ।
१५. रु ३ लाख सम्म बजेट विनियोजन भएका पूर्वाधार विकासका योजनाहरुको वडा स्तरीय अनुमगन समितिबाट अनुगमन गर्ने र सो भन्दा माथिका योजनाहरुको हकमा वडास्तरीय अनुगमन समिति, प्राविधिक सहित गाउँपालिका स्तरीय सुपरिवेक्षण तथा अनुगमन समिति र आवश्यक्ता अनुसार गाउँपालिका अध्यक्षबाट अनुगमन गरी प्रतिवेदन पेश भएपछि उपभोक्ता समितिलाई रकम भुक्तानी दिने । साथै ठेक्काबाट सन्चालति योजनाहरुको समेत अनुगमन समितिबाट अनुगमन गरे पश्चात् भुक्तानी गर्ने ।
१६. पूर्वाधार बाहेकका अन्य कार्यक्रमहरु गाउँपालिकाको संबन्धित विषयगत शाखा/इकाई/सेवा केन्द्रबाट आवश्यक प्रकृया पुरा गरी पेश गर्ने र कार्यपालिकाको कार्यालयले संम्झौता गर्ने । उक्त कार्यक्रमहरुको सुपरिवेक्षण तथा अनुगमन लिखु

| | |
|---|---|
| | गाउँपालिकाको सुपरिवेक्षण तथा अनुगमन समितिको कार्यसन्चालन कार्यविधि, २०७८ बमोजिम गर्ने ।<br>१७. विषयगत शाखा/इकाई/सेवा केन्द्रहरु मार्फत सन्चालन गर्नुपर्ने योजना तथा कार्यक्रमहरु (सशर्त अनुदान समेत) को हकमा संबन्धित कार्यक्रम कार्यान्वयनको लागि प्राप्त कार्यविधि, मार्गदर्शन बमोजिम विषयगत शाखा/इकाई/सेवा केन्द्रले प्रमुख प्रशासकीय अधिकृतबाट कार्यान्वयन कार्यतालिका स्वीकृत गराई समयमै प्रभावकारी रुपमा कार्यक्रम सम्पन्न गराउने ।<br>१८. विषयगत शाखा/इकाई/सेवा केन्द्रहरुले शसर्त अनुदानका कार्यक्रम कार्यान्वयनको लागि विशेष प्राथमिकता दिने ।<br>१९. लिखु गाउँपालिकाको सार्वजनिक खरिद नियमावली नबनेसम्मको लागि नेपाल सरकारको प्रचलित खरिद नियमावली बमोजिम खरिद कार्य गर्ने । |
| ३ | लिखु गाउँपालिकाको विषयगत समिति (कार्यसन्चालन) कार्यविधि, २०८३ र लिखु आधारभूत अस्पताल (सन्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३ स्वीकृत गर्ने । |
| ४ | क) स्थानीय शासन कार्यसम्पादन मूल्यांकन (व्यवस्थापन तथा सन्चालन) कार्यविधि, २०८२ बमोजिम लिखु गाउँपालिकाको आ.व. २०८२/०८३ को कार्य सम्पादन मूल्यांकनमा प्राप्त प्रारम्भिक नतिजा स्वमूल्यांकन समन्वय समितिबाट पेश भई छलफल भयो । उक्त नतिजा उपर आवश्यक पृष्ठपोषणको लागि जिल्ला समन्वय समिति नुवाकोटमा पठाउने ।<br>ख) नेपाल पोल्ट्री एण्ड रिसर्च प्रा.लि. लिखु १ नुवाकोटको निवेदन अनुसार जग्गाधनी रामशरण ढकाल, राज कुमार श्रेष्ठ र निर्मला श्रेष्ठको नाममा दर्ता कायम भएको साविक भैरवी ५ को कि.नं. १३१८,१३१९,६१४१,४१६३,६१४०,६१४२ जग्गाहरु उक्त कम्पनीको नाममा रजिष्ट्रेशन पास गर्न कृषि/पशुपन्छी कम्पनीको नाममा हुने नियमानुसारको छुट उपलब्ध गराइदिनका लागि भूमि प्रशासन कार्यालय, नुवाकोटमा सिफारिस गरि पठाउने ।<br>ग) लिखु गाउँपालिकाका विभिन्न वडाहरुमा स्थायी बसोबास भई मिति २०८३ भदौ १० गते भोटेकोशी हुँदै त्रिशुली नदीमा आएको बाढीको कारण मृत्यु भएका र वेपत्ता भएका व्यक्तिका परिवारहरुलाई प्रति परिवार रु २५ हजारका दरले विपद् व्यवस्थापन कोषबाट राहत प्रदान गर्ने । |